# सिरियामा भएको मानव विनासप्रति इह्रिकन गम्भीर

काठमाडौं, १८ फागुन । मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) केही समय यता सिरियामा निरन्तररुपमा भएको मानव विनासप्रति चिन्ता र चासो व्यक्त गर्दछ ।



*फोटो सौजन्य : गुगोल*

सिरियामा चलेको द्वन्द्वका कारण हालसम्म महिला र बालबालिकासहित सयौं नागरिकको मृत्यु भएको छ भने त्यतिनै संख्यामा घाइते तथा विस्थापित भएका छन् । आधुनिक विश्वको लागि सिरियामा दिनानुदिन भएका हिंसा तथा बर्बताका घटना लज्जा बोधको बिषय भएको छ । यो मानवीय संवेदनशीलता प्रतिको शुन्यताको अवस्था हो ।

विभिन्न राष्ट्रशक्ति केन्द्रका आडमा त्यहाँ भइरहेको द्वन्द्वका कारण कलिला बालबालिका समेत अकाल मृत्युको शिकार बनेका छन् । राजनीतिक स्वार्थ र आर्थिक लाभकालागि सर्वसाधारण नागरिकको हत्या हुनु बर्तमान सभ्यसमाजका लागि लज्जाको बिषय हो । लक्षित आक्रमण मानवता विरुद्धको अपराध तथा युद्ध अपराध भएकोले यस्ता घटना तत्काल रोक्न सम्बन्धित पक्षलाई इह्रिकन जोडदार माग गर्दछ ।

मानव अधिकार संचार प्रतिष्ठान,
IHRICON